जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ६७ २०८३ साल असोज २१ गते बुधबार (7 Oct 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुखा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*यस अंक भित्र :* २ पृष्ठमा : थप स्वायत्त र अधिकार ... ३ पृष्ठमा : बासस्थान मासिँदै जाँदा... ३ पृष्ठमा : गाजामा स्थायी युद्धविराम ...

# समग्र विकासका आधारसहित १६ बुदे माग तथा सुझाव राख्दै गाउँपालिकालाई बुझाइए ज्ञापनपत्र



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

सप्तरीको राजगढ गाउँपालिकाको समग्र विकास, सुशासन, शिक्षा, स्वास्थ्य, कृषि तथा नागरिक सेवामा सुधारका लागि १६ बुँदे माग तथा सुझावसहित ज्ञापनपत्र बुझाइएको छ ।

जनता समाजवादी पार्टी ( जसपा) नेपाल राजगढ गाउँपालिका अध्यक्ष ललितप्रसाद सिंहको नेतृत्वमा गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डललाई मंगलबार उक्त माग तथा सुझावसहित ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा गाउँपालिका तथा वडा कार्यालय नियमित सञ्चालन गर्नुपर्ने, सामुदायिक विद्यालयमा आवश्यकताअनुसार प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन गर्नुपर्ने तथा छात्रवृत्ति, प्रयोगशाला, खानेपानी र शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्नुपर्ने तथा स्थानीय नागरिकका आधारभूत आवश्यकता तथा सार्वजनिक सरोकारका विषयमा तत्काल पहल गर्न माग समेत गरिएको छ ।

त्यस्तै, सार्वजनिक पोखरी तथा खेतीयोग्य जगगाको उचित व्यवस्थापन, वास्तविक किसानलाई लक्षित गरी कृषि अनुदान वितरण, गुणस्तरीय बीउबिजन उपलब्धता, सिँचाइ तथा कृषि विद्युतीकरणमा सहुलियत र पशु स्वास्थ्य सेवा विस्तार, घुम्ती पशु स्वास्थ्य कार्यक्रम सञ्चालन, स्वास्थ्य सेवातर्फ २४ सै घण्टा एम्बुलेन्स तथा शववाहन सेवा उपलब्ध गर्न पनि ज्ञापनपत्र मार्फत माग गरिएको छ ।

ज्ञापनपत्रमा गाउँपालिकाबाट प्रदान गरिने सेवा तथा विकास निर्माणका कार्यक्रममा निष्पक्ष र समान व्यवहार सुनिश्चित गर्न, वर्षायाममा हुने डुवान तथा सडक अवरोधको दीर्घकालीन समाधान खोज्न र युवालाई लक्षित सीपमूलक तथा रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालनका लागि आग्रह गर्दै न्यायिक समितिमा विचाराधीन विवादलाई कानुनबमोजिम निष्पक्ष र समयमै टुंगो लगाउन तथा ज्येष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका नागरिकका लागि घरदैलोमै सामाजिक सुरक्षा भत्ता नवीकरणको व्यवस्था गर्न पनि माग गरिएको छ ।

यसैगरी, 'स्वच्छ राजगढ, स्वस्थ राजगढ' अभियान सञ्चालन, प्रभावकारी फोहोरमैला व्यवस्थापन, योजना तथा बजेटमा पारदर्शिता कायम, भ्रष्टाचार तथा अनियमितता नियन्त्रण, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिका लागि लक्षित कार्यक्रम सञ्चालन र वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकता दिन ज्ञापनपत्रमा उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोधार्थ गरिएको उक्त ज्ञापनपत्रमा निर्धारित समयभित्र माग सम्बोधन नभए थप कार्यक्रम तथा संघर्षका कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने चेतावनी दिइएको छ ।

## पेस्तोलसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, २० असोज ।**

सर्लाहीमा सिक्सर पेस्तोल सहित एक युवक पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार सोमबार राति सर्लाही कबिलासी नगरपालिका-३ मदनपुरबाट ३३ वर्षिय तुलसी ठाकुर सिक्सर पेस्तोल सहित पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार अभियुक्त पक्राउ परेको स्थानमा मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना भई हतियार सहित मानिस लडेको खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट हेम्पुर पचगछिया र ईलाका प्रहरी कार्यालय हरिपुरबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

प्रहरी प्रवक्ता एवं डिएसपी बेद प्रसाद गौतमले भारतीय नम्बर प्लेट बिआर ३० वाई २८५३ नम्बरको मोटरसाईकलमा जनकपुरदेखी मदनपुर घर आउदै गर्दा दुर्घटना भई चालकलाई चेकजाँच गर्दा दाहिने गाला, बायाँ हातमा सामान्य चोट देखिएको र कम्मरबाट रिभल्भर (सिक्सर पेस्तोल) १ थान बरामद भएको बताए ।

प्रवक्ता गौतमका अनुसार निज चालकलाई नियन्त्रणमा लिई सामान्य उपचार पश्चात ईलाका प्रहरी कार्यालय हरिपुरबाट हातहतियार सम्बन्धी कसूरमा थप अनुसन्धान अगाडि बढाएको बताए ।

## पोखरीमा पुरुषको शव फेला

**दैनिक समाचारदाता**
**जनकपुर, २० असोज ।**

जनकपुरधाम ८ स्थित पोखरीमा एक पुरुषको शव फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जनकपुरधाम ८ मा रहेको दशरथ तलावमा पुरुषको शव फेला परेको हो ।

प्रहरीका अनुसार अन्दाजी ५०, ५५ वर्षको देखिने फेला परेको पुरुषको नाम, थर, वतन केही पनि खुल्न सकेको छैन । मंगलबार बिहान पौने १० बजेतिर पोखरीको डिलमा शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीले खवर पाउनसाथ घटनास्थलमा पुगेर शवको मुचुल्का गरी पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाएको जनाएको छ ।

## घुस लिएको आरोपमा मुद्दा दायर

**दैनिक समाचारदाता**
**काठमाडौं, २० असोज ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत् प्राधिकरण, इटहरी वितरण केन्द्रमा कार्यरत इन्जिनियर कृष्णनारायण यादवविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

इन्जिनियर यादवले एक गार्मेन्ट उद्योगमा २० केभी क्षमताको विद्युत् लाइन जडानका लागि सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग रु ५० हजार घुस लिएका थिए ।

घुस रकम लिइसकेको अवस्थामा आयोगको टोलीले केही समय पहिले यादवलाई नियन्त्रणमा लिएको थियो । इन्जिनियर यादवले विद्युत् लाइन जडान तथा सोसम्बन्धी काममा सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस माग गरी लिएको अनुसन्धानबाट खुलेकाले सोमबार मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

## सप्तरीका पाँच जनाको विभिन्न पदमा उम्मेदवारी

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

कांग्रेसको १५ औं महाधिवेशन अन्तर्गत सप्तरीका पाँच जनाले विभिन्न पदमा उम्मेदवारी दिएका छन् ।

समावेशी उपसभापति पदमा सप्तरी निवासी एवं राष्ट्रिय सभा सदस्य रन्जित कर्णले उम्मेदवारी दिएका हुन् ।

यस्तै थारु क्लस्टरको सहमहामन्त्रीमा सप्तरीको क्षेत्र नं. ४ बाट तीन पटक प्रतिनिधिसभा सदस्य समेत भइसकेका तेजुलाल चौधरी, क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्य भइसकेका केन्द्रिय सदस्य मधेशी खुल्लामा दिनेश कुमार यादव, मुस्लिम क्लस्टरको केन्द्रिय सदस्यमा इर्साद अन्सारी तथा संविधानसभा सदस्य सकलदेव सुतिहारले पनि उम्मेदवारी दिएका छन् ।

**विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्को समयमा डर, तनाब, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मातृभाषामा पठनपाठन अझै हुन सकेन

शैक्षिक पाठ्यक्रममा स्थानीय तहले आफ्नो मातृभाषामा पठनपाठन गर्ने व्यवस्था मिलाएको छ। तर अहिले सम्म सप्तरीको कुनै पनि स्थानीय तहले मातृभाषामा पठनपाठन गराउन सकेको छैन्। काठमाडौं महानगरपालिकाले सामुदायिक तथा निजि विद्यालयहरुमा अनिवार्य रुपमा त्यहाको स्थानीय नेवारी भाषाको पाठ्यक्रम समावेश गराएको छ। काठमाडौंको सबै विद्यालयहरुमा अहिले नेवारी भाषाको पुस्तक पढाई हुन्छ। तर सप्तरीमा भने कुनै पनि विद्यालयले यहाँको स्थानीय भाषा मैथिलीको पाठ्यक्रम समेत बनाउन सकेको छैन्।

यसरी हेर्दा आफ्नै मातृभाषालाई अवहेलना गरेको देखिन्छ। शिक्षा मन्त्रालयले लागु गरेको मातृभाषाको पढाईप्रति स्थानीय तह मौन देखिनुमा कुनै खास कारण छैन्। मैथिली भाषाका पढाउने शिक्षकको अभाव देखिन्न् भने विद्यालय भित्र पनि मैथिली भाषामै बोलचाली हुने गरेको छ। तर पनि मातृभाषाप्रति सरोकारवाला निकाय, सम्बन्धित पालिकाको शिक्षा शाखा र विद्यालय व्यवस्थापन अनुद्धार देखिएको छ। हरेक मातृभाषीले जबसम्म आफ्नो मातृभाषाको यथोचित सम्मान र संवैधानिक रुपमा मान्यता पाउँदैन, तबसम्म नेपालमा बोलिने विभिन्न मातृभाषा फस्टाउन सक्ने अवस्था हुँदैन।

तसर्थ हरेक मातृभाषीको आफ्नै मातृभाषामा कम्तीमा प्राथमिक तहको पठनपाठन गराउन तत्परता देखाउनु आवश्यक छ। यसका लागि तीनै तहका सरकार संवेदनशील बन्नु जरुरी छ।

### बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौ र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# थप स्वायत्त र अधिकार सम्पन्न बन्दै प्रेस काउन्सिल

काठमाडौँ, २० असोज (रासस)।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, पत्रकारिताको व्यावसायिक मर्यादा कायम तथा मिडिया क्षेत्रलाई स्वनियमनमार्फत थप विश्वसनीय, मर्यादित र जवाफदेही बनाउन 'प्रेस काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८३' रायका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।

सूचना तथा सञ्चार मन्त्रालयद्वारा प्रस्तावित विधेयकमा हालको प्रेस काउन्सिललाई पुनःसंरचना गरी स्वायत्त र अधिकार सम्पन्न नियामक निकायका रूपमा विकास गर्ने व्यवस्था गरिएको छ। विधेयकले काउन्सिलको नीति निर्माण तथा संस्थागत कामका लागि निर्देशक समिति गठन गर्ने प्रस्ताव गरेको छ।

निर्देशक समितिको अध्यक्ष काउन्सिलका अध्यक्ष रहने व्यवस्था छ भने प्रतिनिधिसभाका सभामुखको परामर्शमा नेपाल सरकारले तोकेका कम्तीमा एक महिलासहित दुई प्रतिनिधिसभा सदस्य, नेपाल पत्रकार महासङ्घका अध्यक्ष, छापा, प्रसारण तथा अनलाइन सञ्चारमाध्यममा कार्यरत श्रमजीवी पत्रकारको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना, मान्यता प्राप्त विश्वविद्यालयका पत्रकारिता विषयका एक अध्यापक, आमसञ्चार कानून, मानव अधिकार, कृत्रिम बौद्धिकता वा सूचना प्रविधि क्षेत्रका एक विज्ञ तथा सञ्चारमाध्यमका पाठक, दर्शक र श्रोतामध्येबाट कम्तीमा एक जना सदस्य रहने प्रस्ताव गरिएको छ। सूचना तथा प्रशारण विभागका महानिर्देशक सदस्य तथा प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव रहने व्यवस्था छ।

निर्देशक समितिले आमसञ्चारसम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिने, काउन्सिलको नीति, वार्षिक योजना तथा कार्यक्रमअनुसार भएका कामको समीक्षा गर्ने र काउन्सिललाई नीतिगत मार्गदर्शन तथा आवश्यक निर्देशन दिनेछ। प्रेस काउन्सिललाईसमेत आवश्यक निर्देशन र मार्गदर्शन गर्ने संयन्त्रका रुपमा निर्देशक समिति रहने तथा काउन्सिललाई कार्यकारी भूमिकामा बढी केन्द्रित गर्ने गरी यस्तो संयन्त्र बनाइएको हो।

काउन्सिलमा नेपाल सरकारबाट नियुक्त अध्यक्ष, सिफारिस समितिको सिफारिसमा नियुक्त एक सदस्य तथा विभागका महानिर्देशक सदस्य रहने व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृतले काउन्सिलको सचिवका रूपमा काम गर्नेछन्। अध्यक्ष तथा सदस्यले आफ्नो पदमा रहँदा कुनै पनि सञ्चारमाध्यममा संलग्न हुन पाउने छैनन्।

अध्यक्ष तथा सदस्य नियुक्तिका लागि सभामुखको संयोजकत्वमा सिफारिस समिति रहनेछ। समितिमा सञ्चारमन्त्री सदस्य तथा आमसञ्चार क्षेत्रमा कम्तीमा १५ वर्ष अनुभव प्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक सदस्य रहनेगरी विधेयकमा प्रस्ताव गरिएको छ।

विधेयक निर्माणको मूल उद्देश्य काउन्सिललाई सरकार तथा सञ्चार मन्त्रालयबाट प्रत्यक्ष प्रभावित हुन नदिई यसको नियामकीय भूमिका थप स्वतन्त्र बनाउनु रहेको प्रस्तावित व्यवस्थाबाट देखिन्छ। निर्देशक समितिमा प्रतिनिधिसभाका सभामुखको भूमिका राखिनु तथा काउन्सिललाई थप कार्यकारी अधिकार दिन खोज्नुले पनि त्यो कुराको पुष्टि गर्छ।

**प्रेस स्वतन्त्रता संरक्षणदेखि एआई निर्मित भ्रामक सामग्री नियमनसम्म**

प्रस्तावित काउन्सिललाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सञ्चारको हकको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने अधिकार दिइएको छ। स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षण, प्रकाशन तथा प्रसारण स्वतन्त्रता र पत्रकारिताको पेसागत मर्यादा हनन हुन नदिन आवश्यक काम गर्ने जिम्मेवारी पनि काउन्सिललाई दिइनेछ।

काउन्सिलले पत्रकारितासम्बन्धी आचारसंहिता जारी गर्ने, त्यसको कार्यान्वयन अनुगमन गर्ने तथा आचारसंहिताविपरीत प्रकाशित वा प्रसारित सामग्रीको अनुगमन र नियमन गर्नेछ। आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी लिने र सुनुवाइ गर्ने अधिकार पनि काउन्सिललाई हुनेछ।

विधेयकको महत्त्वपूर्ण पक्षका रूपमा मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड तथा कृत्रिम बौद्धिकता अर्थात् एआईबाट निर्मित भ्रामक सामग्रीको नियमन तथा नियन्त्रण गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। साथै आमनागरिक, पत्रकार, सञ्चार संस्था र सञ्चारमाध्यमबीच उत्पन्न विवादमा मेलमिलाप गराउने, मिडियाको स्वनियमन तथा स्वमूल्याङ्कन प्रणाली विकास गर्ने र सङ्घ, प्रदेश तथा स्थानीय तहसँग सहकार्य गर्ने जिम्मेवारी पनि काउन्सिललाई दिइएको छ।

त्यसैगरी अब्बल नैतिक अभ्यास गर्ने सञ्चारमाध्यमलाई प्रोत्साहन गर्ने, मिडिया साक्षरता तथा नागरिक सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, मिडिया उपभोक्ताको हकहित तथा अधिकार संरक्षण गर्ने तथा आमसञ्चार र पत्रकारिताका विषयमा अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सञ्चालन गर्ने अधिकार काउन्सिललाई दिइनेछ।

**चुस्त प्रशासनिक संरचना**

विधेयकले काउन्सिलको दैनिक प्रशासन सञ्चालनका लागि प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरेको छ। प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति काउन्सिलले गर्नेछ र पदावधि बढीमा चार वर्षको हुनेछ। प्रमुख प्रशासकीय अधिकृतले वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी अध्यक्षसमक्ष पेस गर्ने, वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना बनाउने तथा कर्मचारीको रेखदेख, समन्वय, नियन्त्रण, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी पाउनेछन्।

**आचारसंहितालाई तीन तहमा वर्गीकरण**

विधेयकले आचारसंहिता पालन, अनुगमन तथा कारबाहीलाई पनि नयाँ ढङ्गले व्यवस्थित गर्न खोजेको छ। आचारसंहिता उल्लङ्घनलाई मुख्यतः पत्रकारिताजन्य सामान्य त्रुटि, व्यावसायिक लापरवाही र गम्भीर आचारसंहिता उल्लङ्घनका रूपमा वर्गीकरण गर्ने प्रस्ताव छ।

पत्रकारिताजन्य सामान्य त्रुटिमा नाम, पद, मिति, स्थान, सङ्ख्या वा तथ्यगत विवरणमा भएको त्रुटि, छपाइ, अनुवाद वा सम्पादनसम्बन्धी त्रुटि, समाचार र विचार मिश्रित रूपमा प्रस्तुत भएको त्रुटि तथा समाचारको मूल आशय नबिगार्ने सामान्य तथ्यगत त्रुटि समेटिएका छन्।

व्यावसायिक लापरवाहीअन्तर्गत न्यूनतम तथ्य परीक्षण नगरी सामग्री प्रकाशन वा प्रसारण गर्नु, गम्भीर आरोपसम्बन्धी समाचारमा सम्बन्धित पक्षलाई प्रतिक्रिया दिने अवसर नदिनु, अविश्वसनीय वा अप्रमाणित स्रोतको सामग्रीलाई तथ्यका रूपमा प्रस्तुत गर्नु तथा समाचारको वास्तविक आशय विकृत हुने गरी शीर्षक, तस्वीर, भिडियो वा प्रस्तुतीकरण गर्नुजस्ता विषय राखिएका छन्।

तथ्य प्रमाण हुँदाहुँदै गलत सूचना सच्याउन अस्वीकार गर्नु, समाचार स्रोतसँग अनुचित सम्बन्धका आधारमा सूचना लिनु, समाचारलाई विज्ञापनका रूपमा प्रस्तुत गर्नु, पछि गलत सावित भएको सामग्री तथा बारम्बार तथ्यगत त्रुटि दोहोर्‍याउनु पनि व्यावसायिक लापरवाहीअन्तर्गत राखिएको छ।

गम्भीर आचारसंहिता उल्लङ्घनमा कानुनले संरक्षण गरेको बालबालिका तथा यौन हिंसा वा यौन अपराधका पीडितको पहिचान सार्वजनिक गर्नु, वस्तुगत रूपमा गलत सूचना प्रकाशन वा प्रसारण गर्नु, जातीय, धार्मिक, लैङ्गिक वा अन्य आधारमा घृणा, विभेद वा साम्प्रदायिक हिंसा भड्काउने सामग्री प्रकाशन वा प्रसारण गर्नु तथा तथ्य, तस्बिर, ध्वनि वा दृश्य सामग्री जालसाजी गरी प्रस्तुत गर्नु समावेश छन्।

यसैगरी तथ्यहीन वा गलत सामग्रीमार्फत व्यक्तिको चरित्र वा इज्जतको मानमर्दन गर्नु, कानुनले संरक्षण गरेको गोपनीयताको गम्भीर उल्लङ्घन गर्नु, अदालतको आदेश जानाजानी उल्लङ्घन गर्नु, प्रतिलिपि अधिकार उल्लङ्घन गर्नु, फोटो, श्रव्यदृश्य वा अन्य प्रमाणको अनधिकृत प्रयोग गर्नु तथा राष्ट्रिय सुरक्षा, सम्प्रभुता र वैदेशिक सम्बन्धमा आँच आउने वा खलल पुग्ने गरी सूचना सामग्री प्रकाशन वा प्रसारण गर्नु पनि गम्भीर उल्लङ्घन मानिनेछ।

**सञ्चारमाध्यमले आफ्नै आचारसंहिता र शैली पुस्तिका बनाउनुपर्ने**

विधेयकले काउन्सिलले जारी गरेको आचारसंहिताको पालना गर्नु प्रत्येक सञ्चार संस्था, सञ्चारमाध्यम र पत्रकारको कर्तव्य हुने प्रस्ताव गरेको छ।

सञ्चारमाध्यमले काउन्सिलको आचारसंहितासँग नबाझिने गरी आफ्नै आचारसंहिता, सम्पादकीय मापदण्ड तथा समाचार सामग्री प्रकाशन र प्रसारणसम्बन्धी प्रक्रिया तयार गरी सर्वसाधारणको सहज पहुँच हुने गरी सार्वजनिक गर्नुपर्नेछ।

प्रत्येक सञ्चारमाध्यमले स्वनियमन संयन्त्र स्थापना गरी पाठक, श्रोता र दर्शकका गुनासो सुनुवाइ गर्नुपर्नेछ। पत्रकारिता व्यवसाय र लेखनमा एकरूपता ल्याउन शैली पुस्तिका तयार गरी सार्वजनिक गर्नुपर्ने तथा त्यसको जानकारी काउन्सिललाई गराउनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

**सञ्चारमाध्यमको लगानी र स्वार्थ सार्वजनिक गर्नुपर्ने**

विधेयकले सञ्चार संस्थाको लगानी पारदर्शितासम्बन्धी व्यवस्था पनि गरेको छ। सञ्चार संस्थाका अध्यक्ष तथा सञ्चालकले आफूले लगानी गरेको व्यवसाय, लगानीको क्षेत्र तथा लगानीको स्रोतबारे काउन्सिललाई जानकारी गराउनुपर्नेछ।

त्यसैगरी, कुनै सञ्चार संस्थाले आफू वा आफ्ना सञ्चालकको लगानी रहेको क्षेत्रसँग सम्बन्धित समाचार, लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा उक्त लगानीसम्बन्धी जानकारी सर्वसाधारणले देख्न, पढ्न वा सुन्न सक्ने गरी खुलाउनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

**कारबाहीसम्बन्धी नयाँ व्यवस्था**

पत्रकार आचारसंहिता उल्लङ्घन भएको ठानेमा सरोकारवाला व्यक्ति वा संस्थाले काउन्सिलमा लिखित वा विद्युतीय माध्यमबाट उजुरी दिन सक्नेछन्। कारबाही निर्धारण गर्दा उल्लङ्घनको प्रकृति र गम्भीरता, उल्लङ्घन जानाजानी वा लापरबाहीपूर्वक भएको हो वा होइन, त्यसबाट भएको वा हुनसक्ने सार्वजनिक प्रभाव, गल्ती सच्याउन वा क्षति न्यूनीकरण गर्न सम्बन्धित पक्षले गरेको प्रयास,

*बाँकी अन्तिम पृष्ठमा*

# बासस्थान मासिँदै जाँदा दुर्लभ बन्दै कछुवा

सुनसरी, २० असोज (रासस) ।
नदी, पोखरी, तालतलैया, सिमसार तथा चुरे क्षेत्रका खोल्सामा सहजै देखिने कछुवा पछिल्लो समय प्राकृतिक बासस्थान मासिँदै जाँदा दुर्लभ बन्दै गएको छ । पानीका स्रोत तथा सिमसार अतिक्रमण, अवैध सिकार तथा जल प्रदूषणका कारण कछुवाको सङ्ख्या घट्दै गएको संरक्षणकर्मीको भनाइ छ ।

कछुवा तथा सरिसृपसम्बन्धी विषयमा विद्यावारिधि गरिरहनुभएका अनुसन्धानकर्ता अस्मित सुब्बाले कछुवा संरक्षणलाई एउटा जीव वा प्रजाति बचाउने विषयका रूपमा मात्र लिन नहुने बताउनुभयो । कछुवा बाँच्ने पानी, नदी किनार, अण्डा पार्ने बालुवा वा माटो, घाम ताप्ने स्थान, आहारा तथा आसपासको हरियाली जोगाउनसके मात्र संरक्षण प्रभावकारी हुने उहाँको भनाइ छ ।

"कछुवा संरक्षणका लागि त्यसको बासस्थानसँग जोडिएको पानी, जमिन र हरियालीलाई संरक्षण गर्नु आवश्यक छ", उहाँले भन्नुभयो, "सरिसृप वर्गमा पर्ने कछुवाका लागि पानीसँगै सुरक्षित नदीकिनार, अण्डा पार्ने स्थान, घाम ताप्ने ठाउँ, आहारा र प्राकृतिक वनस्पति आवश्यक पर्छ ।"

कतिपय कछुवाका प्रजाति पानीमा बढी समय बिताए पनि प्रजननका क्रममा नदी किनारका सुरक्षित स्थान खोज्ने गर्छन् । प्राकृतिक पोखरी तथा जलाशय मासिँदै जानु, सिमसार पुरिनु, नदी किनारमा अव्यवस्थित संरचना निर्माण हुनु तथा आसपासका वनस्पति हटाइनुले कछुवाको प्रजनन र जीवनचक्रमा असर गर्ने सुब्बाको भनाइ छ ।

सिमसारले वर्षाको पानी सञ्चय गर्ने, जमिनमुनिको पानी पुन भरण गर्ने, बाढीको प्रभाव घटाउने तथा विभिन्न जीवजन्तु र वनस्पतिलाई बासस्थान उपलब्ध गराउने भएकाले कछुवा संरक्षणलाई सिमसार संरक्षणसँगै अघि बढाउनुपर्ने उहाँको भनाइ छ ।

पूर्वी नेपालमा पाइने नरम खबटे कछुवाका केही प्रजाति गहिरो नदी, जलाशय तथा सिमसारमा निर्भर हुने भएकाले बासस्थानमा हुने परिवर्तनबाट बढी प्रभावित हुने गरेका छन् । नदी तथा सिमसारमा विष वा करेन्ट प्रयोग गरेर माछा मार्दा कछुवासहित अन्य जलचर प्रभावित हुने गरेका छन् ।

माछा मार्ने क्रममा जाल तथा बल्छीमा परेका कछुवा घाइते हुने, निसासिने वा मर्ने जोखिम गरेको अनुसन्धानकर्ता सुब्बाले जानकारी दिनुभयो ।

ठूलो बासस्थान ससाना क्षेत्रमा विभाजन हुँदा आहारा खोज्न, प्रजनन गर्न र सुरक्षित स्थानमा पुग्न कछुवालाई कठिन हुने तथा सडक पार गर्ने क्रममा सवारीसाधनको चपेटामा पर्ने उत्तिकै जोखिम छ । उहाँले भन्नुभयो, "यो ढिलो बढ्ने र वयस्क अवस्थामा पुग्न लामो समय लाग्ने भएकाले सङ्ख्या घट्दै गए पुरानै अवस्थामा फर्किन पनि समय लाग्छ ।"

पूर्वी तराईको चारकोसे झाडी क्षेत्रमा बस्ती विस्तार, कृषि, सडक तथा अन्य पूर्वाधार विस्तार हुँदा प्राकृतिक जीवन खण्डित भएको छ । वनसँग जोडिएका पोखरी, खोल्सा, नदीकिनार र सिमसारमा हुने परिवर्तनले त्यहाँ आश्रित जलचर तथा वन्यजन्तुलाई असर पारेको छ ।

सरिसृप तथा उभयचरसम्बन्धी विषयमा विद्यावारिधि गर्नु भएका प्राध्यापक डा कालुराम खुम्बुले कछुवा संरक्षणलाई एउटा प्रजातिमा मात्र सीमित नगरी समग्र बासस्थान संरक्षणका रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । "कछुवाको अवस्था बुझ्न अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा बासस्थानको नियमित अध्ययन आवश्यक छ", उहाँले भन्नुभयो,

कछुवाका विभिन्न प्रजातिले वनस्पति, कीरा, माछा तथा अन्य जैविक पदार्थ खाने भएकाले खाद्य शृङ्खलामासमेत भूमिका खेल्ने प्राध्यापक खुम्बुको भनाइ छ । गाउँका पोखरी, खेती नजिकका जलाशय, नदी किनार र सिमसार संरक्षण गर्नसके कछुवाको बासस्थान जोगाउन सकिने उहाँले बताउनुभयो ।

स्थानीयले कछुवाका अण्डा तथा बच्चा सङ्कलन नगर्ने, अवैध सिकार तथा व्यापार रोक्न सहयोग गर्नु आवश्यक छ । यस्तै, विष र करेन्ट प्रयोग गरी माछा मार्ने कार्यलाई पूर्ण रुपमा नियन्त्रण गर्नुपर्नेमा जोड दिँदै उहाँले प्राकृतिक पोखरी र सिमसार पुर्ने कार्य रोक्नसके कछुवा संरक्षणमा महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो ।

कछुवाको शरीरलाई कडा खपटाले ढाकेको हुन्छ । यो पानी वा जमिनमा बस्ने गर्छ । यसको आकार, आहार तथा जीवनशैली पनि फरकफरक हुने यसका जानकारहरुको भनाइ छ ।

# मधेसको शिक्षा नीतिमा परिवर्तन अपरिहार्य

बारा, २० असोज (रासस) ।
मधेस प्रदेशको शिक्षा क्षेत्रको गुणस्तर सुधार अपरिहार्य रहेको धारण व्यक्त गरिएको छ ।

युनेस्को नेपालको सहकार्यमा शिक्षा तथा खेलकुद मन्त्रालयले सिमरामा आयोजना गरेको दुईदिने उच्चस्तरीय संवादमा सहभागी वक्ताले सो धारणा ब्यक्त गर्नुभएको हो ।

उहाँहरूले शिक्षालाई समयसापेक्ष, व्यवहारिक, सीपमूलक र जीवनोपयोगी बनाउनुपर्नेमा जोड दिनुभएको हो ।

कार्यक्रममा मधेसको आधारभूत शिक्षा सुधार नगरी उच्च शिक्षाको गुणस्तर सुधार गर्न नसकिने भन्दै विद्यालय शिक्षादेखि विश्वविद्यालय तहसम्मै सुधारको आवश्यकता औंल्याइएका थिए । वक्ताहरूले सीप, ज्ञान, अनुसन्धान तथा नवप्रवर्तनमा आधारित शिक्षालाई प्राथमिकता दिनुपर्ने बताएका हुन ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चूडामणि पौडेलले मुलुकको समग्र शिक्षा सुधारका लागि मन्त्रालयले नीतिगत सुधारलाई उच्च प्राथमिकता दिएको बताउनुभयो ।

मधेस प्रदेशको शिक्षामा देखिएका कमजोरी हटाएर गुणस्तरीय शैक्षिक वातावरण निर्माण गर्न शिक्षा ऐनमा व्यापक संशोधनको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

"म पनि मधेसकै शिक्षकबाट पढेको हुँ, तर अहिलेको मधेसको शिक्षा हेर्दा अचम्म लाग्छ," सचिव पौडेलले भन्नुभयो, "मधेसको शिक्षा पहिला राम्रो थियो । अहिले किन खस्केको हो ? कारण अहिलेसम्म स्पष्ट हुन सकेको छैन । शैक्षिक बहस आवश्यक छ ।"

शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले मधेस प्रदेशमा साक्षरता अभिवृद्धि तथा शिक्षा सुधारका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो ।

शिक्षा सुधारलाई कुनै एउटा तहको सरकारको मात्र जिम्मेवारीका रूपमा लिन नहुने भन्दै उहाँले तीनै तहका सरकार र अन्य सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो ।

संवादमा सहभागी वक्ताले बदलिँदो समय अनुसार शिक्षण प्रणालीमा समेत परिवर्तन आवश्यक रहेको धारणा राखेका छन् ।

डिजिटल साक्षरतालाई प्राथमिकता दिँदै कृत्रिम बुद्धिमत्ता (एआई) लगायत नयाँ प्रविधिलाई शिक्षामा उपयोग गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् ।

त्यसैगरी, शिक्षा र रोजगारीबीचको सम्बन्ध बलियो बनाउन सीपमूलक शिक्षालाई प्राथमिकता दिनुपर्ने तथा उच्च शिक्षालाई अनुसन्धान, नवप्रवर्तन र श्रम बजारको आवश्यकतासँग जोड्नुपर्नेमा समेत जोड दिइएको छ ।

कार्यक्रममा राष्ट्रिय योग्यता प्रारुपका विषयमा पनि छलफल भएको छ । औपचारिक, अनौपचारिक तथा सीप शिक्षाबाट प्राप्त ज्ञान र सीपलाई मान्यता दिने, एक प्रकारको शिक्षाबाट अर्को प्रकारको शिक्षामा रूपान्तरण तथा गतिशीलताको अवसर प्रदान गर्ने र क्रेडिट सञ्चय तथा स्थानान्तरणको व्यवस्था गर्ने विषयमा छलफल गरिएको छ ।

वैकल्पिक माध्यमबाट शिक्षा हासिल गरेका तथा परम्परागत माध्यमबाट सीप प्राप्त गरेका व्यक्तिको ज्ञान र सीपलाई समेत मान्यता दिने प्रणाली विकास गर्नुपर्ने सहभागीहरूको धारणा थियो ।

मधेस प्रदेशको शिक्षा सुधारका लागि विद्यालय तहको गुणस्तर अभिवृद्धि, शिक्षकको क्षमता विकास, प्रविधिमैत्री शिक्षा, सीप विकास तथा उच्च शिक्षामा अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने निष्कर्षसहित संवाद अघि बढाइएको छ ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा खड्गबहादुर केसीले मधेस प्रदेशको उच्च शिक्षाको अवस्थाबारे प्रस्तुतितीकरण गर्दै उच्च शिक्षाको नीतिगत सुधार गरी डिजिटल लिट्रेसीलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले उच्च शिक्षा सुधारका लागि विश्वविद्यालयले नीतिगत र संरचनागत सुधारका काम अघि बढाएको बताउनुभयो ।

राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा डा श्याम नारायण लाभले मधेस प्रदेशको शिक्षा सुधारका लागि सबै जिम्मेबार बन्नुपर्नेमा जोड दिनुभयो ।

काठमाडौं विश्वविद्यालयका उपकुलपति प्राडा विवेक बरालले उच्च शिक्षाको विशिष्टिकृत सुधारका लागि आवश्यक रहेको बताउनुभयो ।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति सुजनबाबु मरहट्टाले विश्वविद्यालयलाई गुणस्तरीय, प्रतिस्पर्धी, अनुसन्धानमुखी, प्रविधिमैत्री तथा आत्मनिर्भर शैक्षिक संस्थाका रुपमा विकास गरिनुपर्नेमा जोड दिनुयभो ।

गणेश पौडेलले मधेसको आधारभूत शिक्षा नसुधारिकन उच्च शिक्षाको गुणस्तर कायम गर्न हुन नसक्नेभन्दै सीपमूलक शिक्षा, ज्ञान र नवप्रववर्द्धनमा आधारिश शिक्षालाई जोड दिनुपर्ने खाँचो औंल्याउनुभयो ।

सांसद अरविन्द शाहले मधेसको आधारभूत शिक्षा सुधारेर मात्रै उच्च शिक्षाको गुणस्तर अभिवृद्धि हुने उल्लेख गर्नुभयो ।

सांसद राजकिशोर महतोले मधेस विकासको आधार मानिने शिक्षाको समग्र सुधारका लागि नीतिगत सुधारलाई प्राथमिकता दिनुपर्ने खाँचो औंल्याउनुभयो । सांसद रहवर अन्सारीले प्राविधिक शिक्षाआलाई प्राथमिकता दिइनुपर्ने धारणा राख्नुभयो ।

## विश्व समाचार

### गाजामा स्थायी युद्धविराम गर्न गुटेरेसको आह्वान

न्युयोर्क, २० असोज (रासस/एएफपी) ।
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमा गरेको आक्रमणको तेस्रो वर्षगाँठअघि गाजामा स्थायी युद्धविराम गर्न आह्वान गर्नुभएको छ । उहाँले युद्धविरामसँगै गाजामा व्यापक रूपमा मानवीय सहायता पुर्‍याउन र अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्न पनि आग्रह गर्नुभएको छ । एक विज्ञप्तिमार्फत उहाँले अबको समय स्थायी युद्धविराम, व्यापक मानवीय सहायता र अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्ने समय भएको बताउनुभयो । उहाँले सम्पूर्ण क्षेत्रमा स्थायी शान्तिका लागि राजनीतिक मार्ग तय गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

"यो वार्षिकोत्सव शोकको अर्को वर्ष मात्र नभई फरक भविष्य निर्माण गर्ने नयाँ दृढ सङ्कल्पको अवसर बनोस्", उहाँले भन्नुभयो । उहाँका अनुसार इजरायली र प्यालेस्टिनी नागरिकले आफ्ना अधिकार, गरिमा र आकांक्षा पूरा गर्दै शान्ति र सुरक्षामा सँगै बस्न सक्ने अवस्था निर्माण गर्न आवश्यक छ । महासचिव गुटेरेसले सन् २०२३ को हमास आक्रमणमा एक हजार दुई सयभन्दा बढी इजरायली तथा विदेशी नागरिकको हत्या र २५१ जनालाई बन्धक बनाइएको घटनालाईरस 'घृणित' भन्दै इजरायली पक्षमा भएको क्षतिलाई स्वीकार गर्नुभयो । साथै, गाजाका प्यालेस्टिनी नागरिकले ठूलो मानवीय क्षति, विस्थापन र विनाशको सामना गर्नुपरेको उहाँले बताउनुभयो । "उनीहरूको पीडा पनि अब अन्त्य हुनुपर्छ", उहाँले भन्नुभयो । गाजामा इजरायलले सञ्चालन गरेको लामो सैन्य अभियानमा प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार ७४ हजार दुई सयभन्दा बढी मानिसको मृत्यु भएको छ । उक्त मन्त्रालय हमासको नियन्त्रणमा रहेको भए पनि संयुक्त राष्ट्रसङ्घले सार्वजनिक गर्ने तथ्याङ्कलाई भरपर्दो मान्दै आएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अक्टोबर २०२५ मा घोषणा गर्नुभएको छोटो युद्धविरामले केही राहत ल्याएको गुटेरेसले स्वीकार गर्नुभयो । तर त्यसले अझै पर्याप्त सुरक्षा, मानवीय सहायता तथा पुनःस्थापना र शान्तितर्फ जाने विश्वसनीय मार्ग सुनिश्चित गर्न नसकेको उहाँले बताउनुभयो । इजरायलले गाजाको अधिकांश भागमा अझै नियन्त्रण कायम राखेको छ । हमासको निशस्त्रीकरण प्रमाणित नभएसम्म आफ्ना सैनिक फिर्ता नहुने इजरायलको अडान छ । हमासले भने आफ्ना हतियार तत्काल र एकपक्षीय रूपमा त्याग्नुपर्ने प्रस्तावको सट्टा क्रमिक निशस्त्रीकरणको पक्षमा रहेको बताएको छ । सन् २०२३ को आक्रमणपछि इजरायलले विभिन्न मोर्चामा सैन्य कारबाही गर्दै आएको छ । विशेषगरी तेहरानको समर्थन प्राप्त इस्लामवादी आन्दोलन हिजबुल्लाहविरुद्ध दक्षिणी लेबनानमा सैन्य कारबाही गरिएको छ । साथै, फेब्रुअरीको अन्त्यमा संयुक्त राज्य अमेरिकासँग मिलेर इरानविरुद्ध युद्ध सुरु गरिएको छ ।

### अमेरिकामा दादुरा सङ्क्रमण बढ्दै, न्युयोर्कमा आपत्काल घोषणा

न्युयोर्क, २० असोज (रासस/सिन्ह्वा) ।
अमेरिकाको न्युयोर्क राज्यमा दादुराको प्रकोप बढेपछि राज्यभर आपत्काल घोषणा गरिएको छ । न्युयोर्कको गभर्नर क्याथी होकुलले राज्यका विभिन्न क्षेत्रमा दादुरा बिरामीको संख्या बढेपछि आपत्काल घोषणा गर्नुभएको छ । यस वर्ष न्युयोर्क राज्यमा अहिलेसम्म १०८ जनामा दादुरा पुष्टि भएको छ । तीमध्ये ९२ जना जुलाई १५ पछि संक्रमित हुनुभएको हो । धेरैजसो संक्रमित कम खोप लगाइएका ग्रामीण क्षेत्रका बासिन्दा हुनुहुन्छ । न्युयोर्क सहरमा पनि ७ जनामा दादुरा पुष्टि भएको छ ।

छिमेकी राज्य पेन्सिलभेनियामा पनि दादुराको संक्रमण बढिरहेको छ । त्यहाँ यस वर्ष अहिलेसम्म ३९ जिल्लामा १ हजार ४ जनामा दादुरा पुष्टि भएको छ । दादुरासँग सम्बन्धित ५ जनाको मृत्यु भएको जनाइएको छ । न्युयोर्क सरकारले दादुराविरुद्धको खोप लगाउन अनुमति पाएका स्वास्थ्यकर्मीको संख्या बढाएको छ । साथै, नागरिकलाई स्थानीय क्षेत्रमा दादुराको जोखिमबारे जानकारी दिन विशेष सूचना प्रणाली सञ्चालनमा ल्याएको छ । घोषणा गरिएको आपत्काल नोभेम्बर ४ सम्म लागू हुने बताइएको छ । अमेरिकामा अक्टोबर १ सम्म यस वर्ष ३ हजार ८८७ जनामा दादुरा पुष्टि भएको छ । स्वास्थ्य अधिकारीहरूले दादुराबाट सुरक्षित रहन दुई मात्रा दादुरा, गलगण्ड र रुबेलाविरुद्धको खोप लगाउन सुझाव दिनुभएको छ । अमेरिकाका विद्यालय जाने बालबालिकामा खोप लगाउने दर पछिल्ला वर्षमा घटेको छ । सन् २०२५-२६ को शैक्षिक वर्षमा खोप लगाउने दर ९२.४ प्रतिशत रहेको छ । स्वास्थ्य अधिकारीहरूले कम्तीमा ९५ प्रतिशत बालबालिकाले खोप लगाउनुपर्ने लक्ष्य राख्नुभएको छ ।

### नाइजेरियामा सैन्य विमान दुर्घटना, ३२ जनाको मृत्यु

अबुजा, २० असोज (रासस/सिन्ह्वा) ।
नाइजेरियाका राष्ट्रपति बोला टिनुबुले सोमबार देशको दक्षिणपश्चिमी ओन्डो राज्यमा भएको सैन्य विमान दुर्घटनामा विमानमा सवार ३२ जनाको निधन भएको पुष्टि गर्नुभएको छ । उड्डयन तथा एरोस्पेस विकासमन्त्री फेस्टस केयामोका अनुसार २५ जना यात्रु र सात जना चालक दलका सदस्य सवार रहेको उक्त सैन्य विमान ओन्डो राज्यको नदी किनारमा अवस्थित इग्बोकाडा समुदायको नौसैनिक आधार नजिक दुर्घटनाग्रस्त भएको हो ।

राष्ट्रपति टिनुबुले जारी गर्नुभएको छुट्टै विज्ञप्तिमा यो सशस्त्र बल तथा सम्पूर्ण राष्ट्रका लागि अत्यन्तै दुःखद् क्षण भएको बताउनुभएको छ । उहाँले दुर्घटनामा ज्यान गुमाउनुभएका वायुसेनाका सदस्यहरूको बलिदान कहिल्यै बिर्सन नसकिने उल्लेख गर्नुभएको छ । नाइजेरियाली वायुसेनाका अनुसार सुरुमा हेलिकोप्टर भएको अनुमान गरिएको उक्त विमान दुई इन्जिनयुक्त टर्बोप्प विमान रहेको पुष्टि भएको छ । उक्त विमान दक्षिणी नाइजेरियाको बेनिन सहरबाट लागोसतर्फ नियमित उडानमा रहेका बेला दुर्घटनामा परेको हो । राष्ट्रपति टिनुबुले दुर्घटनापछि तत्काल खोज तथा उद्धार अभियान सञ्चालन गर्नुभएकोमा वायुसेनाको प्रशंसा गर्नुभएको छ ।

# एकसय १२ रोपनी जग्गा सरकारको नाममा दाखिला

काठमाडौँ, २० असोज (रासस)। काठमाडौँ महानगरपालिका-४ को ११२ रोपनी जग्गा नेपाल सरकारको नाममा दाखिला गरिएको छ।

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने क्रममा उक्त जमिन सरकारको नाममा आएको हो।

रावल आयोगको प्रतिवेदनमा सरकारी तथा सार्वजनिक जग्गाका सरकारको नाममा कायम गर्ने निर्णयअनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले सरकारको नाममा जग्गा दाखिला गर्ने कार्य सम्पन्न गरेको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गठन गरेको प्रतिवेदन कार्यान्वयन समितिले प्रतिवेदनका आधारमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको उल्लेख गरिएका कित्ताबाट अतिक्रमित भनिएको क्षेत्रफल एकमुष्ट कट्टा गरी नेपाल सरकारको नाममा ल्याउने कार्य सुरु गरेको मन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको हो।

प्रतिवेदन कार्यान्वयनका लागि प्रमुख नापी अधिकृत रमेश ज्ञवालीको संयोजकत्वमा समिति गठन गरिएको छ।

समितिमा गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव, सम्बन्धित भूमिप्रशासन तथा नापी कार्यालयका प्रमुख, स्थानीय तह समन्वय शाखा प्रमुख, भूमि व्यवस्थापन तथा अभिलेख विभागका शाखा अधिकृत तथा नापी विभागका नापी अधिकृत सदस्यसचिव रहेका छन्।

रावल आयोगले २०५२ सालमा सरकारी तथा सार्वजनिक जग्गाको अवस्था अध्ययन गरी अतिक्रमित तथा व्यक्तिका नाममा दर्ता भएका सरकारी एवं सार्वजनिक जग्गा संरक्षण गर्न सुझावसहित प्रतिवेदन दिएको थियो।

सोही प्रतिवेदनलाई मन्त्रालयले लामो समयपछि कार्यान्वयनमा ल्याउँदै सरकारी तथा सार्वजनिक जग्गा सरकारको नाममा ल्याउने कार्य सुरु गरेको हो।

सरकारले रावल आयोगले औँल्याएको सम्पूर्ण जग्गा छानबिन गरी सरकारको नाममा ल्याउने कार्य सुरु गरिसकेको छ।

# भन्सार छलीका सामान बरामद

**दैनिक समाचारदाता पर्सा, २० असोज।**

प्रहरीले रु १० लाख छ हजार ७६० बराबरका भन्सार छली गरी ल्याइएका मोबाइल, शृङ्गारका सामान र स्याउ बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वीरगञ्ज महानगरपालिका-१४ गण्डकचोकबाट भन्सार छली गरी ल्याइएका विभिन्न कम्पनीका मोबाइल चार थान, कस्मेटिक सामान तथा स्याउ बरामद गरिएको हो। ती सामानको मूल्य रु पाँच लाख ५२ हजार २१० बराबर छ।

त्यसैगरी, वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट भन्सार छली गरेर ल्याइएको रु चार लाख ५४ हजार ५५० बराबरको शृङ्गारका सामान र स्याउ बरामद गरिएको छ।

बरामद गरिएका सबै सामान वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए।

## थप स्वायत्त ...

जाँचबुझमा गरेको सहयोग तथा उल्लङ्घन दोहोरिएको अवस्था हेर्नुपर्ने प्रस्ताव विधेयकमा राखिएको छ।

आचारसंहिता उल्लङ्घनको प्रकृति हेरी फरक-फरक कारबाहीको व्यवस्था गरिएको छ। सामान्य पत्रकारिताजन्य त्रुटिमा सच्याउन निर्देशन दिने, क्षमायाचना गराउने वा काउन्सिलले तोकेको सङ्ख्या, समय, स्थान वा पृष्ठमा खण्डन प्रकाशन वा प्रसारण गर्न लगाउन सकिनेछ।

व्यावसायिक लापरवाहीमा सच्याउन वा स्पष्टीकरण दिन आदेश दिने, सार्वजनिक रूपमा क्षमायाचना गराउने वा क्षमायाचना नगरेमा काउन्सिलको अभिलेखमा राखी नाम सार्वजनिक गर्न सकिने व्यवस्था छ। विधेयकको व्यवस्थाअनुसार गम्भीर प्रकृतिको उल्लङ्घनमा नेपाल सरकारबाट प्राप्त हुने सेवा, सुविधा, सहुलियत, लोककल्याणकारी विज्ञापन वा अन्य सुविधा तोकिएको अवधिका लागि आंशिक वा पूर्ण रूपमा रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ। बढीमा एक वर्षका लागि प्रेस पास निलम्बन गर्न विभागसमक्ष सिफारिस गर्न सकिने व्यवस्था छ।

यी कारबाही पर्याप्त नभएको अवस्थामा सम्बन्धित व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर परेको वा सम्पत्ति तथा व्यवसायमा हानी-नोक्सानी भएको देखिएमा काउन्सिलले न्यूनतम रु पाँच हजारदेखि अधिकतम रु एक लाख सम्म जरिवाना गर्न तथा क्षतिपूर्ति भराइदिन सक्नेछ।

कुनै सामग्रीका कारण व्यक्तिको मर्यादा वा प्रतिष्ठामा आँच पुगेको देखिएमा काउन्सिलले उजुरीकर्ता तथा सम्बन्धित सञ्चार संस्था, सञ्चारमाध्यम वा पत्रकारबीच मेलमिलाप गराउन सक्ने व्यवस्था गरिएको छ। काउन्सिलको कारबाही वा आदेशमा चित्त नबुझे सम्बन्धित पक्षले आदेश भएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ। आचारसंहिता उल्लङ्घनसम्बन्धी कारबाही भइरहेको वा भइसकेको कारणले अन्य प्रचलित कानुन बमोजिम कसुर भएमा छुट्टै कानुनी कारबाही गर्न बाधा नपर्ने व्यवस्था पनि विधेयकमा राखिएको छ।

**काउन्सिलको छुट्टै कोष**

आर्थिक रुपमा पनि स्वायत्त र अधिकार सम्पन्न बनाउन प्रेस काउन्सिलका लागि छुट्टै कोष रहने प्रस्ताव गरिएको छ। कोषमा नेपाल सरकारबाट प्राप्त रकम, स्वदेशी व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त अनुदान तथा सहायता, विदेशी सरकार वा निकायबाट प्राप्त वैदेशिक सहायता तथा काउन्सिलले अन्य स्रोतबाट प्राप्त गरेको रकम रहनेछ।

**सञ्चारमाध्यमको वर्गीकरण**

विधेयकले काउन्सिललाई सञ्चारमाध्यमको वर्गीकरण गर्ने जिम्मेवारी पनि दिएको छ। उच्च व्यावसायिक अभ्यास, आचारसंहिताको पालना, खोजमूलक तथा नवीनतम सामग्री उत्पादन, सन्तुलित तथा समावेशी जनशक्ति, सञ्चारको पहुँच क्षेत्र, सामग्रीमा बहुआयामिकता तथा नवप्रवर्तनमुखी दृष्टिकोणलाई सञ्चार माध्यमको वर्गीकरणको आधार बनाइने विधेयकमा उल्लेख छ।

# कांग्रेस १५ औं महाधिवेशनः सात हजार ११४ प्रतिनिधि कायम

काठमाडौँ, २० असोज (रासस)। नेपाली कांग्रेसको १५ औँ महाधिवेशनअन्तर्गत निर्वाचनमा भाग लिने महाधिवेशन प्रतिनिधिको अन्तिम नामावली प्रकाशन गरिएको छ।

कांग्रेस १५ औँ महाधिवेशन केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले मतदाताको अन्तिम नामावली प्रकाशन गरिएको जानकारी दिनुभयो। नयाँ नामावली प्रकाशन गरेसँगै कांग्रेसको १५ औँ महाधिवेशनअन्तर्गत निर्वाचनमा भाग लिने प्रतिनिधिको सङ्ख्या सात हजार ११४ पुगेको छ।

मतदाताको अन्तिम नामावली प्रकाशन गरेसँगै सोमबार बिहान ९:३० बजे मतदाता नामावली प्रकाशन उपर दाबी विरोध, ९:३० बजेदेखि १०:३० बजेसम्म दाबीविरोधउपर जाँचबुझ, ११:३० बजे मतदाताको अन्तिम नामावली प्रकाशन गरिने सदस्यसचिव कटुवालले बताउनुभयो।

यस्तै, उम्मेदवार मनोनयन दर्ता फारम वितरण र दिउँसो १२:३० बजेदेखि ४:०० बजेसम्म मनोनयनपत्र दर्ताको कार्यक्रम रहेको निर्वाचन समितिले जनाएको छ। यस्तै, कांग्रेसको सोमबारको बन्दसत्रले पार्टीको विधान संशोधन गरेको छ। संशोधित विधानअनुसार २९७ सदस्यीय नयाँ कार्यसमितिको व्यवस्था गरिएको छ। नयाँ व्यवस्थाअनुसार नै निर्वाचन हुन लागेको कांग्रेसले जनाएको छ।

**कांग्रेस महाधिवेशनमा २०० बढी स्वयंसेवक परिचालन**

नेपाली कांग्रेसको १५ औँ राष्ट्रिय महाधिवेशनमा २०० भन्दा बढी स्वयंसेवक परिचालन गरिएको छ। कांग्रेसको हिजोदेखि सुरु भएको १५ औँ राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा २०० भन्दा बढी स्वयंसेवक परिचालन गरिएको हो।

कांग्रेस केन्द्रीय सदस्य एवं स्वयंसेवक व्यवस्थापन समितिका संयोजक गणेश लामाले महाधिवेशनमा भाग लिन आएका प्रतिनिधिको सहजताका लागि २०० स्वयंसेवक परिचालन गरिएको राससलाई जानकारी दिनुभयो।

संयोजक लामाले बन्दसत्र हुने ठाउँ र निर्वाचन हुने ठाउँमा स्वयमसेवक परिचालन गरिएको बताउनुभयो। नेपाली कांग्रेसको १५ औँ महाधिवेशनका लागि देश तथा विदेशबाट सात हजार ५०० प्रतिनिधि काठमाडौँ आइपुगेका छन्।

आइतबारदेखि सुरु भएको महाधिवेशनको सोमबार र मंगलबार बन्दसत्र तथा असोज २१ र २२ गते निर्वाचन गर्ने कार्यतालिका रहेको छ। बन्दसत्रमा पार्टी सभापति, उपसभापति, महामन्त्री र कोषाध्यक्षले छुट्टाछुट्टै प्रतिवेदन पेस गर्नुभएको छ।


भूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय फोन नः ०३१-२००४५
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय, राजविराज

पत्र संख्या :
चलानी नम्बर :
प्राप्त पत्र संख्या र मिति :
मिति : २०८३।६।१६

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

गौरीनाथ लाउँ ... दर्ता रहेको साविक प्रगना मर्कोवा मौजा रैन कृष्णपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुटपर्ती नामसारी गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. बर्नैनिया वडा नं. ६ हाल परिवर्तित ... गा.पा./न.पा. वडा नं. २ बस्ने राम सखतार यादव ... द.नं. ११६४१ मिति २०८३।६।११ मा निवेदन परी ... सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३।६।१६ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता गराउँदा कसैको हक भोग वा ऐलानी वा सार्वजनिक डगर, बाटो, बगर, गौचर समसान घाट प्रति इत्यादी जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सबुत प्रमाण साथ लिई यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम निवेदकको नाममा ... गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| मौजे | सा. कि.नं. | गा.वि.स./न.पा. | वाड नं. | हाल कि.नं. | क्षेत्रफल | तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| रैन | १५ | बर्नैनिया | 6 | २ | ०-८-१५ | [illegible] | फिल्डबुकको कैफियत ... खाली रहेको |
| " | " | " | 6 | ३ | ०-५-० | [illegible] | |

डाक्नेश्वरी नगरपालिका
१ नं. वडा कार्यालय
कटैया, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४
चलानी नं. : ८१
मिति : २०८३-०६-२०
ने.सं.- ११४६ अलागा, २६ मंगलबार

विषयः सुचना सुचना सुचना

श्री -

उपरोक्त बिषयमा जिल्ला सप्तरी डाक्नेश्वरी नगरपालिका वडा न .१ मा आ.व.२०८३/०८४ नगर सभा बाट स्विकृत भइ आएको समाजिक विकास तर्फ कार्य क्रम मिति २०८३।०६।२० गतेको वडा समितिको निर्णय अनुसार मिति २०८३।०६।२०गते देखी २०८३।०६।२७ गते सम्म प्रस्तावना सहितको अनुमानित वजेट पेश गर्नु हुन को लागी सुचना प्रकाशान गिरएको व्यहोरा अनुरोध छ।

तपसिल

१ स्थानीय श्रोत साधनको पहिचान र सदुपयोग सम्बन्धी कार्यक्रम २ लाख

२ समाज विकास स्थानीयको भुमिका विषय अन्तरक्रिया कार्यक्रम २ लाख

३ सुदर समाज निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम २ लाख

४ भलिबल खेलकुद २ लाख

तारणी प्रसाद यादव
वडा सचिव


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*